# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८०
चलानी नं.:

मितिः २०७९।०५।१२

**रत्ननगर नगरकार्यपालिकाको कार्यालयको फलफूल तथा तरकारी मूल्य श्रृंखला विकास आयोजनाको कृषि अनुदान सम्बन्धी सूचना**

**पहिलो पटक सूचना प्रकाशित मिति २०७९/०५/१२**

रत्ननगर नगरपालिका, आर्थिक विकास समितिको मिति २०७९।०५।०९ गते बसेको बैठकको निर्णयानुसार यस रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम फलफूल तथा तरकारी मूल्य श्रृंखला विकास आयोजना अर्न्तगत आयोजनाको पकेट क्षेत्रका कृषकहरुका लागि तपसिलका कृषि अनुदान कार्यक्रमहरु संचालन हुने हुँदा इच्छुक सेवाग्राही कृषकहरुबाट दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७९/०५/२६ गते भित्र) आवश्यक कागजातहरु संलग्न राखी कार्यालयले उपलब्ध गराएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त आवेदन पेश गर्नुहुन अनुरोध छ।

**तपसिल**

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | जम्मा बजेट रु | अनुदानको प्रतिशत | कार्यक्रम संचालन पकेट क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | तरकारीबालीमा झार नियन्त्रणको लागि मल्चिङ प्लाष्टिक वितरण (५०% अनुदान) | रोल | १३३ | ६६५००० | ५० | वडा नं १४, १५, १६ |
| २ | केराको फल सुरक्षाका लागि केराको नेट व्याग वितरण (८०% अनुदान) ३ विगाहा क्षेत्रफलको लागि | संख्या | ४८०० | ३६०००० | ८० | वडा नं १४, १५, १६ |
| ३ | केराको हाता काट्ने उपकरण परिक्षण प्रदर्शन (१०० प्रतिशत अनुदान) | संख्या | १०० | ५००००० | ८० | वडा नं १४, १५, १६ |
| ४ | केरा staking को लागि फलामको टेका वितरण | संख्या | ५०० | ६२५०० | १०० | वडा नं १४, १५, १६ |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. कार्यालयले उपलब्ध गराएको ढाचाँमा कार्यक्रमको संक्षिप्त कार्य योजना (कार्यालयको वेवसाईट www.ratnanagarmun.gov.np, www.ratnanagarkrishi.gov.np मा लग ईन गरि प्राप्त गर्न सकिनेछ),
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
३. पासपोर्ट साईजको फोटो १ प्रति,
४. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
५. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
६. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
८. रु २० निवेदन दस्तुर वापतको राजश्व दाखिलाको भौचरको प्रतिलिपि,
९. कार्यक्रम संचालन हुने जग्गाको धनीपुर्जा दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा ५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np